हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ७७ पृष्ठ : ४ २०७७ असोज १४ गते बुधबार (Wednesday 30 September 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551

• विद्यालयमा राजनीतिक विवाद •

## विद्यालयको निर्माणाधिन ट्रस तोडफोड, पठन पाठन अवरुद्ध





**सिरहा ।** सिरहाको मिर्चैया नगरपालिका-३ राघोपुरको बक्थलवास्थित आधारभूत विद्यालयको निर्माणाधिन दुई कोठे भवन सोमबार राति अज्ञात समूहले तोडफोड गरेका छन् । विद्यालयमा भवन निर्माणका लागि ट्रस सहित वालका लागि इटा जोडिएको थियो । त्यही जोडिएको इटा र ट्रस भत्काइएको अवस्थामा मंगलबार देखिएको थियो ।

जीर्ण विद्यालयको भौतिक विकास देख्न नसक्नेहरूले रातीको समयमा ट्रस तोडफोड गरेको हुनसक्ने विद्यालय प्रशासनले जनाएको छ । १६ लाखको लागतमा भवन निर्माण सुरू गरिएको थियो ।

विद्यालयको निर्माणाधिन भौतिक संरचना तोडफोड भएपछि पठनपाठन रोकिएको विद्यालयका प्रधानाध्यापक देवशंकर यादवले जानकारी दिए । घट्नाबारे सम्बन्धित निकायलाई जानकारी गराइएको विद्यालय प्रशासनको भनाइ छ ।

विद्यालय व्यवस्थापन समितिको आपसी विवादका कारण भवन भत्काइएको हुनसक्ने अनुमान गरिएको छ । विद्यालयको भवन भत्काएको विषयमा छानबिन भइरहेको ईलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।

**विद्यालय व्यवस्थापन समितिको विवाद**

प्रत्यक्षादर्शीहरूले निर्माणाधिन भौतिक संरचना तोडफोडको कुरा आउँदा निर्माणको गति, अवस्था तथा विद्यालयमा विगतमा हुने गरेको राजनीतिक चपेटा बारे अध्ययन गर्नुपर्ने सुझाए ।

गएको दुई वर्ष अघि विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका अभिभावकहरूको सहमतिमा स्थानीय खगेश्वर यादवलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा चयन गरेको एक पक्षको भनाइ छ । ती पक्षका अनुसार खगेश्वर आफ्नो अनुकूलको अध्यक्ष

बाँकी ३ पेजमा

## गाँजा बरामद

**लहान ।** सशस्त्र प्रहरीको टोलीले सिरहाको सुखीपुर नगरपालिका-४ स्थित बनिनिया चोकबाट मंगलबार मोटरसाइकलसहित १९ किलो गाँजा बरामद गरेको छ । सशस्त्र प्रहरी बल सुरक्षा बेस क्याम्प सुखीपुरका सशस्त्र प्रहरी नायब निरीक्षक विदेशराज गरङ्जा मगरको कमान्डमा खटिएको गस्ती टोलीले चेकजाँचको क्रममा को.२९प १४८७ नम्बरको मोटरसाइकलसहित १९ किलो गाँजा बरामद गरेको हो ।

चेकजाँचको क्रममा उत्तरबाट दक्षिणतिर जाँदै गरेको मोटरसाइकल चढेका एकजना फरार भएपछि मोटरसाइकल र गाँजा नियन्त्रणमा लिइएको हो । नियन्त्रणमा लिइएको मोटरसाइकल र गाँजा सिलोर्वा पछवारीस्थित प्रहरी चौकीमा बुझाइएको छ ।

लागुऔषध कारोबारी र गाँजा तस्करहरूले सिरहाको उत्तरी क्षेत्र र उदयपुरमा संकलन गरिएका गाँजा भरियालाई बोकाएर दक्षिणी सीमावर्ती क्षेत्रसम्म पुऱ्याउँछन् । जिल्लाको जिरोमाइल सुखीपुर सडक, कसहा औरही, मिर्चैया सिरहा सडकखण्डको भित्री बाटो प्रयोग गरी गाँजा ओसारपसार गर्ने गरेको पाइएको छ ।

ADMISSION OPEN
Nursery To VIII
LOTUS UNIQUE ACADEMY
Lahan-1, Matiyarwa (Siraha)
Contact : 9842840294, 980853045

NET TV
DRIVEN BY INNOVATION
छिटो भनेकै WORLDLINK
Lahan Office : Call : 033-561429, 033-561430
Mirchaiya : 033550505, Golbazar : 9801186055, Kalyanpur : 031-540229
MORE THAN JUST HIGH SPEED INTERNET
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
SAFENET
Make the Internet a safer Place for your kids. Help them get the best out of the internet
WORLDLINK For Registration & More Information Dial : 9801523050 | SMS :>Call>to 35465
Email: sales@worldlink.com.np|www.worldlink.com.np|facebook/wlink.np

भौतिक पूर्वाधारले सम्पन्न, शान्त र रमणीय शैक्षिक वातावरणमा शैक्षिक सत्र २०७७/२०७८ को लागि
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
प्रत्येक ट्रेडमा ४० वटा कोटा तथा जुनसुकै Grade को विद्यार्थीहरुले सहभागी हुन पाउने व्यवस्था।
हाम्रा संकायहरु :-
प्रि : डिप्लोमा इन सिभिल ई. - १८ महिने
प्रि : डिप्लोमा इन इलेक्ट्रिकल ई. - १८ महिने
प्रि : डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)-१८ महिने
Affiliated to CTEVT
फारम वितरण गर्ने मिति
२०७७ भदौ ३० गते देखी, समय : ७:०० बजे देखी ५:०० बजे सम्म
फारम भर्ने अन्तिम मिति
२०७७ असोज १९ गते सम्म
Online द्वारा फारम भर्ने
प्रवेश परीक्षा र थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्नुहोला
थप जानकारीको लागि
सम्पर्क स्थान : पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
लहान, सिरहा (कुशवाहा चौक ल.ल.कु.मा.वि. को पश्चिमपट्टी)
G-mail : rrsyadav143@gmail.com
प्रिन्सिपल
सम्पर्क नम्बर :-
०३३-५६२४६८ मो. ९८४२६५८८२४
९८१६७३७३३१, ९८१६३०१७९४,
९८०७८७६६१५


फ्रेन्डस मोडल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## सुशासनका लागि सामाजिक परीक्षण आवश्यक

**जवाफदेहिता सुशासन कायम गर्नका लागि महत्वपूर्ण अस्त्र हो । हामीले स्थानीय तहलाई जवाफदेहि बनाउन जवाफदेहिताका टुल्सहरु प्रयोग गर्न जरुरी छ । त्यही टुल्समध्ये प्रमुख हतियार हो 'सामाजिक परीक्षण ।'**

**सामाजिक परीक्षणबाट सार्वजनिक निकायले सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरुमा जवाफदेहिता बढाउन, पारदर्शिता खोज्न र सूचनाको हकको उपयोग गर्ने संस्कारको विकास गर्न सहयोग पुग्दछ । यसको प्रयोगबाट सेवाप्रवाहमा हुने कमजोरी र जनताले भोग्नु परेका समस्याहरुका बारेमा सरोकारबालालाई जिम्मेवारपूर्ण ढंगबाट प्रस्तुत हुन सिकाउँछ । बालबालिका, महिला, दलित जनजाति, गरिब, जेष्ठ नागरिक तथा पिछडिएको वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरुको प्रभावकारिता, स्थानीय तहले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तरबारे लेखाजोखा गर्न सघाउ पुऱ्याउँदछ । यसको प्रयोगबाट सामाजिक उत्तरदायित्व पूरा गर्न स्थानीय तहको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन सहयोग पुग्दछ ।**

**स्थानिय तहमा जनप्रतिनिधि बहाली भएपछि सिंहदरवारको अधिकार गाउँ गाउँमा पुऱ्याईएको नेपालको संविधानले अंगिकार गरेको र यसलाई संघीयताको मर्म मानिएको छ । लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने नेपालको संविधानको परिकल्पनालाई आत्मसात गर्दै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० को दफा ७८ (ग) मा गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने बाध्यकारी निर्देश गरेको छ । त्यसै अनुरुप सखुवानन्कारकट्टी गाउपालिकामा रहेका दलित समुदायलाई आधार मानी सहभागितामूलक लेखाजोखा गरिदैं आएको छ ।**

**नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ सिरहाले साझा आवाज परियोजना मार्फत जवाफदेहिता कार्यान्वयनका लागि कार्यक्रम गर्दै आएको छ । त्यसबाट सामाजिक संरचनाको सामान्य चित्रण सहित आर्थिक, राजनीतिक तथा सामाजिक र सांस्कृतिक शक्ति संरचनामा जरा गाडेको फरकपना वा खाडल पहिचान गर्ने कामहरु भएका छन् ।**

**त्यसैगरी अविभेद र समावेशिता सम्बन्धी कानुन कार्यान्वयनका लागि सकारात्मक दबाब श्रृजना भएको छ भने विभेद र वहिष्करणको मारमा परेका स्थानीय पीडित नागरिकको पक्षमा नयां नीति निर्माण गर्न र मौजूदा कानुन कार्यान्वयन गर्न सहयोग पुगेको अवस्था छ । जसले गर्दा जातीय भेदभाव तथा छुवाछूत विरुद्ध ठोस नीति तर्जुमा गर्न सहयोग पुगेको छ । अझ मुख्य काम स्थानीय सेवा प्रदायकहरुको भूमिका र नागरिक दायित्व एवं सरोकारबारे सचेतना र साझा बुझाई निर्माण गर्न सहयोग पुगेको छ । गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम सञ्चालन गर्न बाध्य बनाउन आवश्यक छ । यसतर्फ हरेक नागरिकले दबाब सिर्जना गर्न आवश्यक छ ।**

# प्रजातान्त्रिक समाजवाद : आजको सन्दर्भमा

## बिपी कोइराला राजनीतिक अभिलेख

अघिल्लो अंकको क्रमश :

निश्चय ! तपाईंले भनेको कुरा सुन्दा मलाई पोलपोटको प्राथमिक साम्यवादको सम्झना भयो ।



अहँ होइन ! पोलपोटको जस्तो होइन । पोलपोट जबर्जस्ती गर्छन् । साँच्चै भनौँ भने पोलपोटले सहरका जनतालाई सहरबाट बलजफ्ती निकाली दिए र गाउँतिर लघारे । नोम पेन्ह र अरू धेरै सहरबाट त्यहाँ मानिसहरूलाई निकालिदिए । त्यो त भयङ्कर अप्रजातान्त्रिक कुरो हो ।

मैले तपाईंको कुरा बुझेँ । तपाई प्रजातन्त्रमा जोड दिन चाहनुहुन्छ । अर्थात्, तपाई जे पनि जनताको स्वीकृति लिएर मात्र गरिने प्रजातान्त्रिक तरिकाले मात्र गर्न चाहनुहुन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरो त्यही हो, होइन त ?

हो ! विकासको जुन नमुना अमेरिकाले देखाएको छ, त्यसलाई मैले हेनरी फोर्डको नमुना भन्ने गरेको छु । त्यस नमुनालाई रूसले समेत ग्रहण गरेको छ । लेनिनले सत्ता लिँदा उनको विकास–नमुना त्यही थियो । उनी सधैँ भन्थे, रूसले बीस वर्षमा अमेरिकालाई भेट्टाउनेछ । रूसीहरू अचेल पनि आफ्नो विकासलाई अमेरिकाकै विकाससित दाँजेर हेर्दछन् । उनीहरूको विकास–नमुना अमेरिकाले दिएको हो, र त्यो नमुना अमेरिकालाई हेनरी फोर्डले दिएका थिए । अब हेर्नुहोस्, अमेरिकाको जनसङ्ख्या संसारको पूरा जनसङ्ख्याको जम्मा ६ प्रतिशत मात्र छ । हालको सम्पन अवस्थामा अमेरिकीहरूले संसारको प्राकृतिक स्रोत र प्रसाधनको तीस–पैँतीस प्रतिशत भाग उपभोग गरेका छन् । त्यही नमुनाको पछि लागेर त्यस्तै किसिमले भोग गर्न थाल्ने हो भने भारत र चीनका जनतालाई मात्रै पनि संसारको साधनले पुग्दैन । भारत र चीनको जनसङ्ख्या मात्र संसारको पूरा जनसङ्ख्याको साठी प्रतिशत होला । त्यसकारण विकासको यो नमुना आफ्नै तर्कद्वारा अव्यावहारिक र अप्रासङ्गिक सिद्ध भएको छ । मलाई अमेरिकाको कोलम्बिया विश्वविद्यालयमा भाषण दिन बोलाएका थिए र मैले त्यहाँ अमेरिकीहरूलाई यो कुरो सुनाउँदा उनीहरू झसङ्ग भए । मैले हाम्रा किसानहरू वा हरियाना र पञ्जाबका किसानहरू अमेरिकी किसानहरूभन्दा धेरै सक्षम र उत्पादनशील छन् भनें । वास्तवमा सक्षम हुने भनेको के हो ? लगानी र उत्पादनको सुसम्बन्ध हुनु नै सक्षमता हो । अमेरिकीहरूलाई मैले भनें, 'तपाईंका किसानहरू खेतमा भयङ्कर खर्च गरेर महँगो मल हाल्छन्, तर अमेरिकामा भन्दा कम लगानीमा हरियाना वा पञ्जाबमा प्रतिएकड अन्न उत्पादन बढी हुन्छ ।' नेपाली किसानले पनि आफ्नो सीमित सामग्रीको उपयोग गरेर तपाईंका किसानहरूले भन्दा बढी अन्न उत्पादन गर्न सक्छन् । तपाईंकहाँ इन्धनको नोक्सानीको समस्या छ । तपाईंहरूको अर्थतन्त्र तेलमा आधारित छ, जुन अक्षयकारी छैन । तपाईंहरूले आफ्ना यन्त्रहरूलाई अर्कै किसिमका नबनाउने हो भने यो शताब्दीको अन्त्यसम्ममा तपाईंहरूको अर्थतन्त्र धराशायी हुनेछ । तपाईंहरूका वैज्ञानिकहरू र तेस्रो विश्वका वैज्ञानिकहरू यन्त्रहरूलाई बदल्ने प्रक्रियामा एउटै स्तरमा छन् । अमेरिकामा भन्दा भारतमा सौर्यशक्ति बढी उपलब्ध हुन सक्ने कारणले सौर्य–शक्तिको प्रयोग गर्न ठूलो सफलता हासिल भएको खण्डमा अमेरिकाभन्दा भारत बढी सम्पन हुन सक्छ ।

तपाई द्वन्द्वात्मक भौतिकवादमा विश्वास गर्नुहुन्छ ? अर्थात्, इतिहासको भौतिकवादी विश्लेषणसित तपाईं सहमत हुनुहुन्छ ?

तपाईंको दोस्रो प्रश्नको पहिले उत्तर दिन्छु, अहँ ! सारांशमा म त्यसलाई अस्वीकार गर्दछु । यद्यपि त्यसमा रत्तिभर पनि सत्यता छैन भनेर म भन्दिनँ । मानिस बहुआयामिक प्राणी हो । मार्क्सले के गल्ती गरे भने मानिसलाई उनले आफ्नो आर्थिक जीवनसित मात्र सरोकार राख्ने एक आर्थिक प्राणीको रूपमा सृष्टि गरे । त्यसमा सत्यता छैन भनेर म भन्दिनँ । तर त्यो, मानिसको एउटा अपूर्ण चित्र मात्र हो । मानिस आर्थिक प्राणी हो र त्योभन्दा बढी पनि केही हो । उसमा के कुरो बढी छ ? तपाई भन्नुहोला, मानिस ईश्वरको सृष्टि हो । हो, त्योभन्दा पनि बढी केही हो भन्ने मलाई लाग्दछ । मानिसका अनेकौँ आयाम छन् । अर्को कुरा, मानिस केवल भोजनको लोभले मात्र अभिप्रेरित भइरहँदैन । उसका सारा क्रियाकलापहरूको प्रेरक पेट मात्र होइन । आजसम्म कुनै आन्दोलन पेटभरि खान मात्र पाइन्छ भन्ने नाराले भएको छैन । सन् १९१७ मा रूसमा जुन समाजवादी क्रान्ति भयो, त्यो पनि रोटीका लागि मात्र भएको थिएन । त्योभन्दा केही उच्च कुरा 'समानता'का लागि क्रान्ति भयो । मानिस केही मात्रामा इतिहासको उत्पादन हो भने केही मात्रामा इतिहास बाहिरका तत्त्वहरूको पनि उत्पादन हो । मानिसलाई सृष्टि हुनुअघि पनि उसलाई चाहिने कुरा पानी, खानेकुराहरू, घाम, हावा प्रकृतिले दिइरहेकै थियो । मानिसले समाज बनायो भन्ने एउटा भ्रम छ । तर मानिस आउनुभन्दा अघि पनि समाज थियो । इतिहास भने मानिस आएपछि नै बन्न थाल्यो । जहाँसम्म मानिसको सरोकार छ, समय भन्ने धारणा पनि मानिस संसारमा आएपछि नै बनाइएको हो ।

तपाई ऐतिहासिक निर्णयवादमा विश्वास गर्नुहुँदैन, हो ? अर्थात् सबै कुरा ऐतिहासिक नियतिले पूर्वनिर्धारण गरेको हुन्छ भन्ने कुरो मान्नुहुन्न ?

रूरूऐतिहासिक नियतिमा विश्वास गर्ने हो भने अर्थात् सबै कुरो इतिहासले निर्धारण गरेबमोजिम नै हुने हो भने हाम्रा सारा प्रयत्नहरू एउटा निरर्थक अभ्यास मात्र हुन जान्छन् । यो एउटा बडो चाखलाग्दो कुरो छ । मार्क्सको दर्शनअनुसार मानिसको मन स्वतन्त्र छैन, पूर्वनिर्धारित छ, अर्थात् मानिस जुन सामाजिक वर्गको सदस्य हुन जान्छ त्यसैबमोजिम उसको मनस्थिति निर्धारित हुन्छ भन्ने उनको राय छ । तर मार्क्स आफैँ त्यसबेलाका सबैभन्दा ठूला पर्चाबाज थिए । मानिसको मन स्वतन्त्र हुँदैन, अथवा बदलिन सक्तैन वा भनौँ पूर्वनिर्धारित हुन्छ भने, उनले कसको मन बदल्नलाई पर्चा लेख्केका थिए त ?

सबैभन्दा पहिले, मानिसले ईश्वर भन्नु तात्पर्य के हो भन्नेबारे कुनै परिभाषा दिइएको छैन । तर जुन अवस्थामा मानिस ब्रह्माण्डको व्यापकता देखेर वा त्यसको सौन्दर्य देखेर वा फूलहरू देखेर भावनाको समुद्रले भरिएर कविता लेख्न थाल्दछ, अस्तित्वको त्यही भाग नै ईश्वरको अनुभूति हो, देवत्वको अनुभूति हो । मानिसलाई खान पाएर मात्र पुग्दैन । उसका लागि सायद बढी महत्त्वपूर्ण जीवनका अरू पक्षहरू छन् । जीवनका रहस्यहरू व्याख्यान हुन नसकेका ती पक्षहरू हुन् । तपाईंलाई ती रहस्यहरूको अनुभव भएको छैन भने वा तिनबाट चकित हुनुभएको छैन भने तपाईंले पूर्ण सार्थक रूपमा जीवन बाँच्नुभएन । म प्रधानमन्त्री छँदा रविशङ्कर काठमाडौँ आएका थिए र एउटा कार्यक्रमको आयोजना पनि भएको थियो । मलाई भयङ्कर थकाइ लागेको भए पनि कार्यक्रममा उपस्थिति नहुनु अशिष्टता हुनेछ भनेर त्यहाँ गएँ । म त्यो तीन वा चार घन्टा लामो कार्यक्रमभरि नै बसिरहेँ । मैले कार्यक्रम सिद्धिएपछि रविशङ्करलाई भनेँ, 'यो मेरो ईश्वरसितको निकटतम अनुभव थियो ।' उनले सितार बजाएको सुन्दा मैले आफूलाई ईश्वरको नजिकै पुगेको अनुभव गरेँ । कहिलेकाहीँ सारै राम्रो चित्रकला देख्दा वा रविशङ्करको जस्तो सङ्गीत सुन्दा त्यस्तो अनुभव हुन्छ ।

बिहान सबेरै उठेर बाहिर निस्केपछि फूलहरू, रूखहरू र नीलो आकाशयुक्त प्रकृतिको अवलोकन गर्दा तपाई कस्तो अनुभव गर्नुहुन्छ ? त्यस्तो क्षणमा कहिलेकाहीँ तर्कले व्याख्या गर्न नसकिने अलौकिक वस्तुसित आफ्नो आत्माको विलय भएको अनुभव गर्नुभएको छ ?

मलाई त्यस्तो अनुभव धेरैपल्ट भएको छ । कहिलेकाहीँ कस्तो हुन्छ भने म समष्टिको एउटा अङ्ग बन्न जान्छु । मलाई सारा चराचर जगत्मा जीवन छ जस्तो अनुभव हुन्छ । मलाई सारा ब्रह्माण्डमा जीवनको स्पन्दन भएको र म त्यसैभित्रको एउटा अङ्ग भएको अनुभव हुन्छ । त्यस्तो क्षणमा सारा ब्रह्माण्ड र त्यसभित्रका चराचर तथा अन्य वस्तुहरूलाई मानिसले बनाएको होइन र मानिसभन्दामाथि पनि अरू केही छ भन्ने अनुभव गर्छु । म हरेक वस्तुको एक अंश हुँ, तर म दर्शनशास्त्रसम्म जान्न, अथवा विचारजगत्मा बढी रूमलिन पनि चाहन्नँ ।

त्यसो भए म तपाईंलाई नास्तिकवादी भनौँ कि अज्ञातवादी ?

तपाई मलाई एक प्रकारको अध्यात्मवादी भन्न सक्नुहुन्छ । मलाई लाग्छ, प्रकृतिमा कैयौँ त्यस्ता तत्त्वहरू छन् जसको वैज्ञानिक व्याख्या वा विश्लेषण हुन सक्तैन । यसको अध्ययन समष्टिमा गर्न सकिएला, तर त्यो व्यष्टि–व्यष्टिमा बुझ्न नसकिने हुन सक्छ । मनलाई बुझ्ने प्रयत्नमा कस्ता समस्या आइपर्छन् भन्ने कुरो विचारको संरचनासित मात्रै बुझ्न सकिन्छ । तर मनलाई विचारको संरचनामा ढाल्नेबित्तिकै सत्यको अनुभूति पनि उक्किन्छ । मानिसले हासिल ज्ञानको पुष्टिको लागि केवल आफ्नो तर्कशक्तिमा मात्र भर पर्ने हो भने अपर्याप्त हुन जान्छ । *क्रमश :*


**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

# उत्तरी सीमा अतिक्रमणका विषयमा छानबिन नै नगरी आएको अभिव्यक्ति आपत्तिजनक : निधि



**काठमाडौं ।** नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले हुम्लामा चीनले अतिक्रमण गरेको नेपाली भूमिको विषयमा छानबिन नै नगरेर सरकारले दिएको अभिव्यक्तिप्रति आपत्ति जनाएका छन् ।

सहिद स्मृति प्रतिष्ठानले मंगलबार आयोजना गरेको 'सहिदको बलिदान र वर्तमान राजनीतिक परिवेश' विषयक 'भर्चुअल' बैठकलाई सम्बोधन गर्दै उनले अतिक्रमित नेपाली भूमिको विषयमा छानबिन नै नगरेर सरकारले दिएको अभिव्यक्तिप्रति आपत्ति जनाएका हुन् । हुम्लाका निर्वाचित जनप्रतिनिधिको सर्वदलीय संयन्त्रले अतिक्रमित भूमि नेपालकै हो भनेर गरेको दाबीलाई बेवास्ता गर्दै सरकारका तर्फबाट आएको अभिव्यक्ति आपत्तिजनक भएको उपसभापति निधिको भनाइ थियो ।

चीनले नेपाली भूमि अतिक्रमण गरेको विषयमा विवाद भइरहेका बेला चीनका लागि नेपाली राजदूतले चिनियाँ शासनप्रणाली अनुकरणीय भन्दै दिएको अभिव्यक्तिप्रति पनि उनले आपत्ति जनाए ।

उपसभापति निधिले चिनियाँ शासन व्यवस्था अबलम्बन् गर्नका लागि नेपालले चीनमा राजदूत नपठाएको जिकिर गरे । 'जननिर्वाचित संविधानसभाद्वारा जारी संघीय लोकतान्त्रिक प्रणाली हटाएर चिनियाँ शासन प्रणाली अनुकरण गर्नका लागि नेपाल सरकारले चीनका लागि राजदूत पठाएको हो र ?,' उनले प्रश्न गरे । सत्ताधारी दलका विभिन्न अभिव्यक्तिका कारण वर्तमान राजनीतिक प्रणालीमाथि खतरा उत्पन्न भएको उनको भनाइ थियो । कार्यक्रममा प्रथम राष्ट्रपति डा. रामवरण यादवले सहिदको बलिदानबाट प्राप्त परिवर्तनलाई निष्कर्षमा पुर्याउने जिम्मा नेपाली कांग्रेसको भएको स्मरण गराउँदै लोकतान्त्रिक शक्तिहरूलाई एक ठाउँमा ल्याएर कांग्रेस बलियो नभएसम्म लोकतन्त्रको भविश्यमाथि खतरा आइरहने बताए ।

कार्यक्रममा राजनीतिक चिन्तक प्रदीप गिरी, पूर्वसभामुख दमननाथ ढुंगानालगायतले सहिदको सपना पूरा गर्नका लागि लोकतान्त्रिक शक्तिहरू एक ठाउँमा उभिनुपर्नेमा जोड दिएका थिए ।

**प्रदेश २ मा कोरोना संक्रमित एक स्वास्थ्यकर्मीसमेत दुईको मृत्यु**

प्रदेश २ मा एक जना स्वास्थ्यकर्मीसमेत दुई जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ । जिल्लाको बर्दिबास नगरपालिका-३ का ७५ वर्षीया महिला र मनरासिसबा-७ सरपल्लो घर भइ पर्साको जगरनाथपुर गाउँपालिकामा स्वास्थ्यकर्मीको रूपमा कार्यरत ५८ वर्षीय पुरूषको मंगलबार मृत्यु भएको सामाजिक विकास मन्त्रालयले पुष्टि गरेको छ ।

पछिल्लो २४ घण्टामा यस प्रदेशमा ४९ जना नयाँ संक्रमित थपिएका छन् । धनुषामा तीन जना, महोत्तरीमा तीन जना, सिरहामा पाँच जना, बारामा एक जना, पर्सामा २४ जना, सर्लाहीमा तीन जना, रौतहटमा एक जना, सप्तरीमा छ जना र ठेगाना खुल्न नसकेका तीन जना गरी ४९ जना संक्रमित भएको मन्त्रालयले जनाएको छ ।

मंगलबार एक हजार २ सय ९ जना कोरोनामुक्त भएका छन् । प्रदेशमा कुल संक्रमित १३ हजार चार सय २९ जना मध्ये नौ हजार ९ सय ४५ जना कोरोनामुक्त भएका छन् भने मृतकको संख्या एक सय ३१ पुगेको छ ।

# अलविदा शुभलाल राई !



तत्कालीन जिल्ला पञ्चायतका पूर्व उप-सभापति शुभलाल राईको निधन भएको छ । सिरहाको गोलबजार नगरपालिका-२ टोड्केका ७३ वर्षीय राईको उपचारको क्रममा काठमाडौंमा निधन भएको हो ।

अचानक दिसा रोकिएपछि सिरहाको कर्जन्हास्थित फुलकुमारी मेमोरियल अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारका लागि एक साताअघि उनलाई शिक्षण अस्पतालमा भर्ना गरिएको थियो । उनको उपचारकै क्रममा निधन भएको परिवारले जनाएको छ ।

राई २०४२ सालको निर्वाचनमा तत्कालीन जिल्ला पञ्चायत सिरहाका उप-सभापतिमा निर्वाचित भएका थिए । सिरहाको राजनीतिक वृतमा दुई दशकभन्दा बढी टोड्केका तीनै शुभलाल शुभ कामका लागि छाइरहे । जीवनको अन्तिम क्षणसम्म पनि उनको चर्चामा कमी आएन ।

कक्षा १० सम्म अध्ययन गरेका शुभलाल २०२५ सालदेखि तत्कालीन लालपुर गाउँ पञ्चायतका लगातार चार पटक प्रधानपञ्चमा चुनिए । त्यसपछि इलाका सदस्य हुँदै उनी २०४३ सालमा जिल्ला पञ्चायतको उपसभापतिमा निर्वाचित भए । २०४६ मा बहुदल स्थापना हुनभन्दा अधिसम्म उपसभापति रहेका पानका पारखी उनी गोलबजारस्थित पान पसलमा धेरै पटक भेटिए ।

२०२५ देखि चारपटक प्रधानपञ्च भइसक्दा समेत उल्लेख्य काम गर्न नपाएका शुभलालले त्यतिखेर काम गर्ने सीमित अधिकार मात्रै भएको सुनाउँथे । उनी भन्ने गर्थे अहिलेको स्थानीय तहका जनप्रतिनिधिलाई जस्तो अधिकार नै थिएन । 'गाउँ पञ्चायत चलाउने प्रशासनिक खर्च समेत त्यतिखेर हुदैनथ्यो,' पान पसलको भेटमा उनी भन्ने गर्थे 'स्थानीय तह गठन भएपछि वडालाई नै ४१ प्रकारको अधिकार दिइएको छ । जनप्रतिनिधीको लागि यो चानचुने अधिकार होइन्, यसबाट गाउँको विकास स्वयं गाउँ ले नै गर्नसक्छ ।'

'त्यतिखेर सामान्य सिफारिस लगायत गाउँघरको झै झगडा मिलाउनसम्मको अधिकार थियो,' उनी गफिन्थे 'यति विघ्न अधिकार कहाँबाट पाउनु, विकास निर्माण परको कुरा, विकास गरौं भन्दा बजेट नै हुदैनथ्यो ।' चार पटक प्रधानपञ्चकालमा गाउँमा विद्यालय स्थापना, खानेपानीका लागि इनार र सड्क निर्माणमात्रै विकासको काम गर्न सकेको त्यतिखेर उनले सुनाएका थिए । त्यो पनि २०४३ सालमा जिल्ला पञ्चायत सिरहाको उपसभापति भएपछि उनले ती विकास निर्माणका काम गर्न भ्याएका थिए । उनी चुकचुकाउँथे, 'अहिलेको जस्तो गाउँलाई अधिकार प्रत्योजन गरिएको भए उही बेला गाउँको कायापलट हुनेथियो ।'

स्थानीय तहलाई व्यक्तिगत विवरण प्रमाणितदेखि पूर्वप्राथमिक विद्यालय खोल्ने, कक्षावृद्धिदेखि विद्यालयको ठाउँसारी सिफारिस गर्नेसम्मको ४१ वटा अधिकार प्रत्यायोजन गरिएको छ । 'त्यतिमात्रै होइन उद्योग स्थापनादेखि ठाउँसारी सम्मको अधिकार गाउँलाई प्रत्यायोजन गरिएको छ', उनी भन्थे 'यो चानचुने कुरा होइन, त्यसैले केन्द्रले प्रत्यायोजनको गरेको अधिकार स्थापित गर्नका लागि जनप्रतिनिधि चुक्नु हुँदैन, यस्तो मौंका गुमाए फेरी दोहोरिएर नआउँनसक्छ ।'

सीमित अधिकार क्षेत्रमा बसेर काम गर्नुपर्दा गाउँ विकास गर्न चुकेका उनले स्थानीय तहका जनप्रतिनिधिले काम गर्न चुकेको प्रति गुनासो गर्थे । २० वर्षे स्कुले उमेरमा जिल्ला नेता जयगोविन्द साहको संगतबाट मालेमा प्रवेश गरी राजनीतिक जीवन सुरू गरेका शुभलाल २०४६ पछि राप्रपामा प्रवेश गरेका थिए । २०३२ सालमा बामपन्थी राजनीति छाडेका उनी २०५४ सालबाट पनि राप्रपा परित्याग गरी समाजसेवामा सक्रिय थिए ।

राई, तामाङ, मगर, सुडी, तेली, मुसहर, दुसाध, अमात समुदायसहित ७० भन्दा बढी परिवारको बसोबास रहेको डेहोटियामा उनी खानेपानी व्यवस्थाका लागि ७३ वर्षे उमेरसम्म पनि लागिपरिरहे । लालपुर खानेपानी सरसफाई समितिका अध्यक्ष रहेका उनी खानेपानी डिभिजन कार्यालयको ७ करोड रूपैयाँको लागतमा घर घरमा धारा पुऱ्याउन डिप बोरिङ्गको काममा जीवनको अन्तिमकालसम्म सक्रिय थिए । हार्दिक श्रद्धाञ्जली शुभलाल राई ।

# विद्यालयको...

नभएपछि मिर्चैया नगरपालिकाका प्रमुखले आˆना नजिकका व्यक्तिहरूको रोहवरमा रामकुमार यादवलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाएको आरोप छ । दुई मध्ये को हो अध्यक्ष भन्ने विवाद चर्किएपछि त्यसको बैधानिकताका लागि मुद्दा चलिरहेको छ ।मिर्चैया नगरपालिकाले सम्पन्न गरेको कार्य विवरणको प्रगति तथा खर्चको हिसाब माग गर्दा आˆनो राजनीतिक पहिचान चौपट गर्ने प्रपंचको रूपमा मेयर पक्षका व्यक्तिहरूले विद्यालयको ट्रस तोडफोड गरेको खगेश्वर यादव पक्षको आरोप छ । 'सुशासन कायम गर्न थालिएको आन्दोलनमा मेरो भूमिकाबाट चकित भएर कुनै मुद्दामा मलाई फसाउन खोजिदैछ,' स्थानीय खगेश्वरले भने, 'चार दिन अघि मेयर पक्षका व्यक्तिले भनेका थिए अब केही दिन भित्र प्रहरीले तिमीहरूलाई पक्राउ गर्छ । त्यो भनेको केही दिन नबित्दै विद्यालयमा घटना घटाएर बदनाम गराउन र राजनीतिक पहिचानमा असर पर्ने गरी मेरो नाम जोड्दै छन् ।' उनले विद्यालयमा भएको ट्रस तोडफोडमा आफ्नो कुनै भूमिका नरहेको दाबी गरे ।

पारदर्शीता, सुशासन र जनपक्षीय काम गर्न दवाब सृजना हुने गरी जनता समाजवादी पार्टी लगायत अन्य दलले गएको केही महिना देखि मिर्चैया नगरपालिका लक्षित गर्दै आएको आन्दोलनका गतिविधिमा खगेश्वरले अग्र स्थानमा रहेर भुमिका निर्वाह गर्दै आएको स्थानीयहरूको भनाइ छ । खगेश्वर र मेयर श्रवणको राजनीतिक विवाद केही वर्ष देखि हुँदै आएको गाउँलेहरूले बताए । त्यसैको रिस पोख्न यस्तो चाल रचेको हुनसक्ने उनीहरूको बुझाइ छ ।अर्को पक्षले स्थानीय नेता कहलिएका खगेश्वर यादव तथा तिनको पक्षका व्यक्तिहरूले तोडफोड गरेको आरोप लगाउँदै आएका छन् । व्यवस्थापन समितिका अध्यक्ष रामकुमार यादवले जीर्ण विद्यालयको भौतिक विकास देख्न नसक्नेहरूले रातीको समयमा ट्रस तोडफोड गरेको हुनसक्ने बताए ।

**मिर्चैया नगरपालिकाका प्रमुख श्रवण यादवको भनाइ**

मिर्चैया नगरपालिकाका प्रमुख श्रवण यादवले ग्रामीण विकास देख्न नसक्नेहरूले गएको केही वर्ष देखि अपराधिक गतिविधि गर्दै गाउँले, वडा समिति र विद्यालयलाई दुःख दिने काम गर्दै आएको बताए । अपराधिक गतिविधि गरेर जनतालाई दुःख दिंदा विगतमा मुद्दा समेत दर्ता भएको उनले सुझाए ।

कारवाहीबारे प्रशासन समक्ष बुझ्न जाँदा कानुनी दायरामा ल्याउछु भनेपनि अहिलेसम्म कारवाही नभएको, विद्यालय र गाउँ स्तरमा गरेको घटनाबाट दुःख पाएका जनताले अपराधिक व्यक्तिमाथि चलाउने कारवाही प्रक्रियामा नगरपालिकाको साथ रहने उनले प्रतिबद्धता जनाए । आधारभूत विद्यालयलाई स्तरोन्नति गरेर मावि स्तरसम्म पुऱ्याउने लक्ष्यका साथ काम थालिएको बताउँदै उनले विद्यालय शान्ति क्षेत्र हो र यो क्षेत्रमा अपराधिक गतिविधि गर्नेमाथि कडा कारवाही हुनुपर्ने माग गरे ।


# बिमा लेख हरायो

मिति २०७७ भदौ २० गते घरबाट जनकपुर जाने क्रममा निम्न व्यहोरा भएको (NLIC LTD) बाट जारी भएको बिमा लेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित ठेगानामा खवर गरिदिन हुन अनुरोध छ ।

**नाम :- मिदेश राणा मगर**

ठेगाना :- कञ्चनरूप न.पा.- ११, सप्तरी

पोलिसी नं.:- २२००२८३२३

सम्पर्क मो नं.:- ९८५२८२६५६३



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सिरहा नगरपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



**औरही गाउँपालिका कार्यालय, सिरहा**

# स्थानीय तहको योजना प्रक्रिया र नीतिगत व्यवस्था

अहिलेका स्थानीय तहहरु नेपालको संविधान २०७२ अनुसार राज्यका संरचना हुन् । संविधानको धारा ५६ अनुसार संघ र प्रदेशले झैं स्थानीय तहले पनि राज्य शक्तिको प्रयोग गर्ने छन् । स्थानीय तहको रूपमा रहेका गाउँपालिका र नगरपालिकाहरु नै राज्य शक्तिको उपयोग गर्ने राज्यका संरचनाहरु हुन् ।

स्थानीय तहले प्रयोग गर्ने राज्य शक्तिको अधिकारलाई संविधानको अनुसूची ८ मा उल्लेख गरिएको छ । त्यस अनुसूचीमा २२ वटा अधिकार समेटिएको छ । यही सूचीको व्याख्या गरेर नेपाल सरकारले स्थानीय तहको कार्य बिस्तृतिकरण जारी गरिसकेको छ । कार्यबिस्तृतिकरण जारी भईसके पछि स्थानीय तहको क्षेत्राधिकार अनुसूची ८ र ९ मा मात्रै सिमिति नभई संविधानका अन्य आयामहरूसम्म पुगेको छ । जस्तो, मौलिक हक तथा राज्यको निर्देशक सिद्धान्त, राज्यको नीति सम्बन्धी धाराहरूको अधिकार क्षेत्रलाई पनि स्थानीय सरकारले ख्याल गर्नुपर्ने भनेर व्याख्या गरिएको छ ।

स्थानीय तहले आˆनो वित्तीय व्यबस्थापन र योजना पद्धतिबारे पनि संविधानले बोलेको छ । संविधानको भाग १९ अनुसार स्थानीय सरकारले राजस्वको आयव्यय अनुमान स्थानीय नगर तथा गाउँसभाबाट पारित गर्नु पर्ने व्यबस्था छ । यो प्रयोजनका लागि स्थानीय शासन ऐन २०७४ ले योजना तर्जुमा प्रक्रियाका बारे स्पष्ट गर्ने प्रयास गरेको छ । स्थानीय तहको योजना प्रणाली सहभागितामूलक हुने कानुनी र नीतिगत व्यवस्था छ । टोल वा बस्तीस्तरबाट योजना छनौट भएका योजना वडाको प्राथमिकीकरणमा पर्नुपर्ने व्यवस्था छ । प्राथमिकीकरणमा परेका योजनाहरु कार्यपालिकाको स्वीकृति र सभाले पारित गरे पछि स्थानीय तहको बार्षिक योजना बन्ने व्यव्स्था छ । साविकका स्थानीय निकायमा १४ चरणको योजना छनौट प्रणालीको अभ्यास हुँदै आएको थियो । हालका स्थानीय तहमा भने ७ चरणको योजना प्रणाली अबलम्बन गर्नुपर्ने व्यवस्था छ । यो प्रणालीले सम्बन्धित सभालाई जिम्मेवार बनाएको छ भने गाउँपालिका तथा नगरपालिकाले समुदाय र बस्तीस्तरलाई नागरिक सहभागिताको थलोका रूपमा परिभाषित गरेको छ ।

**पालिका बहस**

**कुमार यात्रु**



वडास्तरलाई सिफारिस गर्ने निकायका रूपमा स्थापित गरेको छ । गाउँपालिका र नगरपालिकाको योजना बन्न वडाको प्राथामिकीकरण गर्नेपर्ने हुन्छ । यसको अर्थ गाउँ तथा नगरको केन्द्रमा बसेर बजेट विनियोजन गर्ने प्रवृत्तिलाई यसले निषेध गर्छ । वास्तवमा स्थानीय तहको योजना तथा कार्यक्रम भनेकै आवश्यकताको सिद्धान्तमा आधारित छ । जसलाई सहभागितामूलक योजना तर्जुमा प्रक्रिया भनिन्छ । स्थानीय तहको योजना तर्जुमा प्रक्रिया व्यवस्थित गर्न सरकारले 'स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४' जारी गरेको छ । दिग्दर्शनअनुसार अर्को आर्थिक वर्षदेखि वैशाखबाट योजना प्रणाली सुरु भई असार मसान्तमा स्थानीय सरकारहरूले योजना तथा बजेट तयार गरि सक्नु पर्छ ।

**योजनाको चरणबद्ध कार्यतालिका यस प्रकार हुनेछ**

१) वैशाख महिनाभित्र संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका, बजेट तथा कार्यक्रम तर्जुमासम्बन्धि मार्गदर्शन प्राप्त गर्ने

२) वैशाख मसान्तभित्र स्रोत अनुमान र कूल बजेटको सीमा निर्धारण

३) जेठ १५ भित्र बस्ती तथा टोल स्तरबाट योजना छनौट गरिसक्ने

४) जेठ २५ गतेभित्र वडास्तरीय योजना प्राथामिकीकरण गर्ने

५) असार १५ भित्र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बजेट तथा कार्यक्रम तयारी गर्ने

६) असार १५ गते गाउँ गर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृति गरी सभामा पेश गर्ने

७) असार ३० भित्र गाउँ नगर सभाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृति

**पहिलो चरणः** स्थानीय तहको पहिलो चरण संघ र प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका प्राप्त गर्नु हो । यो चरणमा स्थानीय तहलाई संविधानको धारा ६० को उपधारा ४ र ५ बमोजिम वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने अधिकार छ । यसैगरी स्थानीय सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय हस्तान्तणबाट प्राप्त स्रोतको पहिचान गर्ने अधिकार छ । संघीय सञ्चित कोषबाट शसर्त अनुदान, समपुरक अनुदान, वा अन्य विशेष अनुदान प्राप्त गर्ने अधिकार छ । यी सबै सम्भावित अनुदान र वित्तीय हस्तान्तरणका खाकाहरु र यसको मार्गदर्शन वैशाखको पहिलो साताभित्र स्थानीय तहले प्राप्त गरिसक्नु पर्ने व्यवस्था छ । त्यसपछि मात्र स्थानीय तहको योजना तर्जुमा प्रक्रिया सुरु हुन्छ ।

**दोस्रो चरणः** यस चरणमा स्थानीय सरकार बढी क्रियाशील हुनुपर्छ ।

१) सबै भन्दा पहिले स्थानीय तहको वस्तुगत विवरण आवश्यक पर्छ । विवरणमा स्थानीय तहको भौगोलिक, सामाजिक र आर्थिक पूर्वाधारलगायतको यथार्थ विवरण चाहिन्छ ।

२) गाउँपालिका वा नगरपालिकाको उपाध्यक्ष वा उप प्रमुखको संयोजकत्वमा बढीमा ७ सदस्यीय राजस्व परामर्श समिति गठन गर्नुपर्छ । समितिले राजस्वका स्रोत, दायरा र करका दरसमेत प्रस्ताव गर्नेछ ।

३) गाउँ र नगरका अध्यक्ष वा प्रमुखको अध्यक्षतामा स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गर्नु पर्छ । यो समिति पनि ७ सदस्यीय हुने छ । यो समितिले पहिलो चरणमा आफूलाई प्राप्त वित्तीय हस्तान्तरणको खाका, राजस्व समितिको प्रतिवेदन, आन्तरिक ऋणलाई स्रोत र साधनको प्रक्षेपित खाका तयार गर्नेछ । यो समितिले विषयगत क्षेत्रको सीमा, कार्यक्रमको प्राथामिकीकरण, विषयगत क्षेत्रलाई मार्गदर्शन तयार गर्ने छ । यो समितिले वडा तह र बस्तीस्तरमा योजना छनौटको मोडालिटी र बस्ती स्तरको योजना छनौटको मितिसमेत तय गरी सूचना जारी गर्ने छ ।

**तेस्रो चरणः** तेस्रो चरणमा बस्ती, टोलस्तरबाट योजना छनौट गर्ने हो ।

१) एक वडा भित्र विभिन्न बस्ती तथा टोल हुन सक्छन् । यस्तो टोलहरू वडाले आवश्यक मात्रामा कलस्टर बनाएका हुन्छन् । यस्तो वडा भेलामा बस्तीस्तरका सबै नागरिकलाई बस्तीस्तरको भेलामा जम्मा गरिएको हुन्छ ।

२) यो बस्तीस्तरीय भेला आर्योजना गर्न वडा सदस्यको नेतृत्वमा टोली खटाइएको हुन्छ ।

३) बस्ती तथा टोलको योजना छनौटमा सबै समूदायको अर्थपूर्ण सहभागिताको व्यवस्था गर्नु पर्दछ । बालबालिकाहरूको पनि बेग्लै भेला गराउनु अर्थपूर्ण हुन्छ ।

**चौथो चरणः** वडा समितिले बस्ती तथा टोलबाट आएका योजना तथा कार्यक्रमलाई विषयगत क्षेत्र समेत छुट्यार प्रथामिकता दिनु पर्दछ ।

**पाँचौ चरणः** वडा तहबाट प्राप्त योजना तथा कार्यक्रमलाई अन्तिम टुङ्गो लगाउन गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष वा उपप्रमूखको संयोजकत्वमा विषयगत प्रमूखहरू सम्मिलित बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नु पर्छ । यो समितिले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार, वातावरण तथा विपद्, संस्थागत पूर्वाधार, वित्तिय व्यवस्थापन सम्बन्धी विषयगत सूची तयार गर्नेछ । यस्तो सूचिमाथि बेग्लाबेग्लै कार्य समूहमा छलफल गराइन्छ । यी सबै प्रक्रिया पुरा गरे पछि स्थानीय तहको वार्षिक योजना तथा कार्यक्रमको प्रस्ताव तयार हुन्छ । *स्थानीय खबर अनलाइनबाट*

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट् LAHANPOST DAILY

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

गोलबजार नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)